मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : १५४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८३ बैशाख १० गते बिहीबार (Thursday, 23 April. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## हाइटेन्सन तारमा बाँसले छोएपछि...

**पाँचथर, वैशाख ९।** पाँचथरको हिलिहाङ गाउँपालिका-७ भारपामा घाँस काट्ने क्रममा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा स्थानीय ५८ वर्षीय खड्कबहादुर तामाङ रहेका छन्। बुधबार बिहान करिब ९:३० बजे आफ्नै बारीमा बाँसको घाँस काट्ने क्रममा काटिएको बाँसले हाइटेन्सन विद्युत् तारमा छोएपछि करेन्ट लागेर उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

घटनाबारे जानकारी प्राप्त हुनासाथ जिल्ला प्रहरी

*(बाँकी अन्तिम पृष्ठमा)*



**दाउराको कुन्यू** | **संखुवासभाको खाँदबारी नगरपालिका-४का स्थानीयले जोहो गरी राखेको दाउराको कुन्यू। तस्वीर: भविन कार्की/रासस**

मूल्यवृद्धिको असर

# निर्माण क्षेत्र ठप्प, चिन्तामा कृषक

## ८ खर्बभन्दा बढीका पाँच हजारभन्दा बढी आयोजना प्रभावित

**झापा, वैशाख ९।** देशभर विकास निर्माणका कामहरू सुस्ताउँदै गएका छन्। सडक, पुल, भवनदेखि जलविद्युत् आयोजनासम्म फैलिएको निर्माण क्षेत्र अहिले असामान्य दबाबमा छ। कारण एउटै हो- इन्धनको मूल्यवृद्धि, कच्चा पदार्थको अभाव, अन्तर्राष्ट्रिय परिस्थितिको प्रभाव र त्यसलाई सम्बोधन गर्न नसकेको नीतिगत जटिलता- यी सबै एकैपटक जुध्दा निर्माण क्षेत्र 'संकटको चक्रव्यूह' भित्र फसेको देखिन्छ।

निर्माणाधीन पूर्वपश्चिम महेन्द्र राजमार्गदेखि साना ठूला सबै योजनाका काम सुस्ताएका छन्। पूर्वपश्चिम महेन्द्र राजमार्ग अन्तर्गतको एशियन राजमार्गसँग जोड्न चार लेनमा बिस्तार गर्ने योजना अन्तर्गत झापाको काँकरभिट्टादेखि सुनसरीको लौकहीसम्मको खण्डमध्ये ठेक्का लागेर विस्तारको काम भइरहेको ९५ किलोमिटर सडकमा मूल्यवृद्धिको असर परेको छ।

सामान्यतया मंसीरदेखि जेठसम्मको समय निर्माणका लागि सबैभन्दा अनुकूल मानिन्छ। तर, यस वर्ष त्यही 'पीक सिजन' मा काम गर्ने वातावरण बिग्रिएको निर्माण व्यवसायीहरूको भनाइ छ। उनीहरूका अनुसार लागत अनियन्त्रित रूपमा बढेको छ भने सामग्री आपूर्ति अनिश्चित बन्दै गएको छ। परिणामतः कतिपय आयोजना सुस्ताएका छन्, केही



आंशिक रूपमा रोकिएका छन् भने केही पूर्ण रूपमा ठप्प हुने अवस्थासम्म पुगेका छन्।

पछिल्लो समय देखिएको संकट केवल आन्तरिक व्यवस्थापनको समस्या होइन, बरु अन्तर्राष्ट्रिय प्रभावसँग जोडिएको व्यवसायीको भनाइ छ। फागुन दोस्रो साताबाट तीव्र बनेको अमेरिका-इरान तनावपछि विश्व बजारमा इन्धनको मूल्य उकालो लागेको थियो। त्यसको प्रत्यक्ष असर नेपालमा परेको उनीहरूको दाबी छ। डिजेल र पेट्रोल महगिँदा ढुवानी लागत आकाशियो, जसले निर्माण सामग्री उत्पादन र वितरण दुवैमा असर पुऱ्याएको व्यवसायीको भनाइ छ।

निर्माण व्यवसायी महासंघ, कोशी प्रदेशका वरिष्ठ उपाध्यक्ष केशर बुढाथोकीका अनुसार अहिलेको अवस्था सामान्य उतारचढाव होइन। 'लागत २५-३० प्रतिशतसम्म बढिसकेको छ। यस्तो अवस्थामा पहिलेको दरमा ठेक्का लिएर काम गर्नु भनेको घाटा व्यहोर्नु हो'- उनी भन्छन्। उनका अनुसार निर्माण व्यवसायीहरू 'काम गरे घाटा, नगरे जरिवाना' को द्विविधामा छन्।

*(बाँकी अन्तिम पृष्ठमा)*

## पोल्याण्ड र जर्मनी पठाइदिन्छु भन्दै ठगी

**काठमाडौं, वैशाख ९।** बैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी पोल्याण्ड र जर्मनी पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा कीर्तिपुर नगरपालिका-२ बस्ने काठमाडौं महानगरपालिका-१४ घर भएकी ३३ वर्षीया बिनिता नगरकोटी र भक्तपुर मध्यपुर थिमी नगरपालिका-२ राधेराधे बस्ने मोरङ बेलबारी नगरपालिका-२ घर भएकी ३६ वर्षीया बेनु श्रेष्ठ रहेका छन्।

पक्राउ मध्ये बिनिताले पोल्याण्ड पठाइदिन्छु भन्दै एक जनाबाट १ लाख २० हजार रूपैयाँ र बेनुले जर्मनी पठाइदिन्छु भन्दै एक जनाबाट १६ लाख रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने उजुरी परेको थियो। उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकूबाट खटिएको प्रहरीले बिनितालाई कीर्तिपुर नगरपालिका-२बाट मंगलबार र बेनुलाई भक्तपुर मध्यपुरथिमी नगरपालिका-३ राधे-राधेबाट सोमबार पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## महिलाको चरित्र हत्या गरेको आरोपमा पक्राउ

**काठमाडौँ, वैशाख ९।** महिलाको चरित्र हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले भक्तपुर घर भएका महेश गिरीलाई पक्राउ गरेको छ। गिरीलाई मंगलबार काठमाडौँको गौशालाबाट पक्राउ गरिएको साइबर ब्युरोका प्रवक्ता (एसपी) दिलीपकुमार गिरीले बताए।

सामाजिक सञ्जाल (फेसबुक) मार्फत उनले एक जना पीडित महिलाको चरित्र हत्या गरेको प्रहरी अधिकृतहरू बताउँछन्। बलात्कार पीडित शोभा पाठकले आफ्नो चरित्र हत्या गरेको कसुरमा महेश गिरीलाई प्रहरीले पक्राउ गरेको जानकारी दिएकी छन्।

सामाजिक सञ्जालमा उनले लेखेकी छन्- 'मेरो फोटोहरू हालेर चरित्र हत्या गर्दै हिंड्ने र धाकधम्की दिने महेश गिरीलाई प्रहरीले पक्राउ गरेको छ।' आफूविरुद्ध हैरानी दिने अन्य व्यक्तिहरूबिरुद्ध पनि उजुरी गर्ने उनले बताएकी छन्।

पक्राउ परेका आरोपीमाथि बुधबार म्याद लिएर बिद्युतीय अपराध सम्बन्धी कसुरमा अनुसन्धान गरिने एसपी गिरीले बताए।

## लागूऔषधसहित ७ जना पक्राउ

**झापा, वैशाख ९।** देशका विभिन्न जिल्लामा प्रहरीले अवैध तथा नियन्त्रित लागूऔषधसहित ७ जनालाई पक्राउ गरेको छ। पछिल्लो दुई दिनमा भएका छुट्टाछुट्टै कारबाहीमा ठूलो परिमाणमा लागूऔषध बरामद गरिएको प्रहरीले जनाएको छ।

त्यसैगरी अर्जुनधारा नगरपालिका-११ बगान क्षेत्रबाट ब्राउनसुगरजस्तो देखिने २७ ग्राम ८ सय ३० मिलिग्राम पदार्थसहित तीन जना पक्राउ परेका छन्।

पक्राउ पर्नेहरूमा २५ वर्षीय सञ्जोग राई, २५ वर्षीय रूपेश दर्जी र ३७ वर्षीय अमृत दर्जी रहेका छन्। उनीहरू सवार बा४० प ३९९४ नम्बरको मोटरसाइकलबाट लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय काँकरभिट्टाको टोलीले उक्त वस्तु नियन्त्रणमा लिएको हो।

उता सुनसरीको धरान उपमहानगरपालिका-१३ देवीमार्गबाट २५ वर्षीय बुद्ध राई (काले)लाई ट्रामाडोल ८५० ट्याब्लेट, स्पास्पेन ७५० ट्याब्लेट र डिकोलिक १०० ट्याब्लेटसहित

*(बाँकी अन्तिम पृष्ठमा)*

## गृहमन्त्री गुरुङद्वारा राजीनामा



**काठमाडौँ, वैशाख ९।** गृहमन्त्री सुधन गुरुङले पदबाट राजीनामा दिएको घोषणा गरेका छन्। उनले बुधवार राजीनामाको घोषणा गर्दै सामाजिक सञ्जालमा लेखेका छन्- मसँग सम्बन्धित विषयमा निष्पक्ष छानबिन होस् र पदमा रहँदा 'स्वार्थको द्वन्द्व' नदेखियोस् र त्यसमा कुनै असर नपरोस् भन्ने उद्देश्यले मैले आजकै मितिदेखि लागू हुने गरी गृहमन्त्री पदबाट राजीनामा दिएको छु।

पछिल्ला दिनहरूमा नागरिकस्तरबाट आफ्नो शेयरलगायत विषयमा उठेका प्रश्न, टिप्पणी र जनचासोलाई गम्भीर रूपमा लिएको उनले बताएका छन्। गुरुङ गत चैत १३ गते गृहमन्त्रीमा नियुक्त भएका थिए। उनले भनेका छन्- मैले आफ्नो तर्फबाट नैतिक जिम्मेवारी निर्वाह गरेको छु। अब मेरो अपिल छ, प्रिय सञ्चारकर्मी मित्रहरू, आम नेपाली दाजुभाइ, दिदीबहिनी र युवाहरू, यदि हामी साँच्चै परिवर्तन चाहन्छौँ भने सत्य, इमानदारी र आत्मशुद्धिको बाटोमा सबै उभिनैपर्छ।

यसैबीच प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)ले गृहमन्त्रालय

*(बाँकी अन्तिम पृष्ठमा)*

## 'गुटबन्दी पूर्ण रूपमा अन्त्य भयो'

**विराटनगर, बैशाख ९।** नेपाली कांग्रेसका महामन्त्री गुरुराज घिमिरेले पार्टीभित्रको आन्तरिक गुटबन्दी अब पूर्ण रूपमा अन्त्य भएको दाबी गरेका छन्।

विराटनगरमा आयोजित पार्टीको चुनावी समीक्षा कार्यक्रममा बोल्दै घिमिरेले क्रियाशील सदस्यहरूको अधिकार कटौती गर्ने कुनै योजना नरहेको स्पष्ट पारे।

महामन्त्री घिमिरेले पार्टीभित्र सुधारको प्रक्रिया अब अपरिहार्य भएको र यसलाई निष्कर्षमा पुऱ्याउने प्रतिबद्धता जनाए। उनले भने- 'नेतृत्वप्रति सदस्यहरूको विश्वास घटेमा त्यसको परिणाम निर्वाचनमा नकारात्मक देखिन्छ, त्यसैले सुधार कतै न कतैबाट शुरु गर्नैपर्छ।' बिगतमा कांग्रेसभित्र रहेको चर्चित '६०-४०'को भागबण्डा र गुटको राजनीति अब समाप्त भइसकेको उल्लेख गर्दै उनले सबैलाई एकताबद्ध भएर अघि बढ्न आग्रह गरे। उनले पार्टी कुनै व्यक्तिको निजी विषय नभएर लाखौं क्रियाशील सदस्यहरूको साझा संस्था भएकोमा जोड दिए।




पार्टीलाई नयाँ ढङ्गले पुनर्जीवित गर्न

*(बाँकी अन्तिम पृष्ठमा)*

## विद्यालयको जग्गामा अवैध संरचना नबनाउन आग्रह

**झापा, वैशाख ९।** कनकाई नगरपालिकाले सामुदायिक विद्यालयको जग्गामा अवैध रूपमा संरचना निर्माण नगर्न/नगराउन आग्रह गरेको छ।

नगरपालिकाले सूचना जारी गर्दै विद्यालयको स्वामित्वमा रहेको जग्गा अतिक्रमण गरी भौतिक संरचना निर्माण भइरहेकामा ध्यानाकर्षण भएको भन्दै भौतिक संरचना निर्माण नगर्न आग्रह गरेको हो। नगरपालिकाद्वारा प्रकाशित सूचनामा कनकाई-१२स्थित कर्पोरेट विद्यापीठ माध्यमिक विद्यालय, सुरुङ्गा नगरपालिका-१२, इलाम, सरस्वती माध्यमिक विद्यालय, कनकाई र झापाका विभिन्न विद्यालयको नाम उल्लेख गर्दै ती विद्यालयको नाममा रहेको जग्गामा अनधिकृत रूपमा संरचना निर्माण भइरहेको जनाइएको छ।

नगर कार्यपालिकाको १७ औं बैठक गत वैशाख ७ को निर्णय अनुसार उक्त जग्गामा भइरहेको निर्माण कार्य तत्काल रोक्न सम्बन्धित सबै पक्षलाई निर्देशन दिइएको छ। साथै, प्रचलित कानूनविपरीत गरिने यस्ता गतिविधिमा संलग्न भए कानूनी कारबाही हुने चेतावनी पनि दिइएको छ।

नगरपालिकाले विद्यालयको जग्गामा कुनै पनि संरचना निर्माण गर्नुपूर्व सम्बन्धित निकायबाट स्वीकृति लिनुपर्ने

*(बाँकी अन्तिम पृष्ठमा)*

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com

हार्दिक बधाई तथा शुभकामना



हाम्रा परम आदरणीय पुज्य धार्मिक व्यक्तित्व **श्री करौली शंकर महादेव धाम कानपुरका गुरु डा. सन्तोषसिंह भदौरिया**ज्यू श्री श्री १००८ महामण्डलेश्वर जस्तो गरिमामय पदमा आशिन हुनु भएकोमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।

साथै श्री श्री १००८ महामण्डलेश्वर पूर्ण गुरु श्री करौली शंकर दासजी महाराजलाई यस गरिमामय पदमा रही वैदिक सनातन धर्मलाई विश्वमय बनाउन र सम्पूर्ण मानव जातिको लागि कल्याणकारी काम गर्न ऊर्जा मिलोस् र सबै मानव जातिलाई संरक्षण, सुख, शान्ति र समृद्धि मिलोस् भन्ने कामना गर्दछौं।

अर्जुनधारा जलेश्वरधाम समिति परिवार
शनिश्चरे, झापा (नेपाल)

# शान्ति पदयात्रा र सेलिब्रेटी कुकुर

**काठमाडौं, वैशाख ९।** श्रीलङ्कामा केसर रङका वस्त्रधारी बौद्ध भिक्षुहरूले बुधबारदेखि एक हप्ता लामो शान्ति पदयात्रा शुरु गरेका छन्। पदयात्रामा उद्धार गरिएको बेवारिसे कुकुरको उपस्थितिले विश्वभर थप ध्यान तानेको छ। 'सबै प्राणीका लागि शान्ति' भन्ने सन्देशसहित शुरु भएको यो पदयात्रा धार्मिक आस्था र सामाजिक सन्देशको अनौठो संयोजन बनेको छ।

भियतनामी भिक्षु पन्नकाराको नेतृत्वमा १३ सदस्यीय टोलीले राजधानी कोलम्बोबाट करिब १६० किलोमिटर उत्तरमा रहेको ऐतिहासिक डम्बुला बौद्ध मन्दिरबाट बिहान आफ्नो यात्रा प्रारम्भ गरेको हो। यो समूह यसअघि संयुक्त राज्य अमेरिकामा टेक्सासदेखि वासिङ्टन डिसीसम्म करिब तीन हजार ७०० किलोमिटर लामो १०८ दिनको पदयात्रा पूरा गरेर अन्तर्राष्ट्रिय स्तरमा चर्चित भएको थियो। त्यतिबेला उनीहरूले बरफले ढाकिएका सडक र कठोर मौसममा समेत यात्रा गर्दै शान्तिको सन्देश फैलाएका थिए।

यसपटक उनीहरू ४० डिग्री सेल्सियससम्म तापक्रम पुग्ने श्रीलङ्काको अत्यधिक गर्मीमा नाङ्गो खुट्टा हिँडिरहेका छन्। भीषण गर्मीबीच पनि स्थानीय भक्तजनहरूले उनीहरूको यात्रालाई समर्थन गर्दै सडकमा पानी छर्कने, हरियो केराका पात र फूलहरू राख्ने तथा शीतलता प्रदान गर्ने प्रयास गरेका छन्। केहीले त भिक्षुहरूलाई पानी छर्केर राहत दिन खोजिरहेका दृश्य पनि देखिएका छन्।

यो पदयात्रा अप्रिल २८ मा राजधानी कोलम्बो पुग्ने अपेक्षा गरिएको छ। त्यहाँ श्रीलङ्काका राष्ट्रपति अनुरा कुमार दिसानायकले उनीहरूलाई स्वागत गर्ने कार्यक्रम रहेको आयोजकहरूले बताएका छन्।

यस पदयात्राको विशेष आकर्षण बनेको छ अलोका नामको उद्धार गरिएको आवारा कुकुर। यो कुकुरले भिक्षुहरूको साथमा अन्तर्राष्ट्रिय यात्रादेखि नै ध्यान तानेको छ। भारतमा उद्धार गरिएको उक्त कुकुरले अमेरिकी यात्रामा समेत भिक्षुहरूलाई साथ दिएको थियो र त्यसक्रममा ठूलो लोकप्रियता कमाएको थियो।

अलोका पहिले भारतका भिक्षुहरूलाई पछ्याउँदै गर्दा कारको ठक्करबाट जोगिएको थियो र त्यसपछि उनीहरूकै साथमा यात्रा जारी राखेको थियो। पछि संयुक्त राज्य अमेरिकामा भएको पदयात्रामा पनि उसको उपस्थिति सामाजिक सञ्जालमा व्यापक चर्चाको विषय बनेको थियो। उक्त यात्राले प्राप्त गरेको ध्यान र दानले सम्पूर्ण अभियानलाई आर्थिक रूपमा सहयोग पुगेको बताइएको छ।

स्थानीय एक भिक्षुका अनुसार टेक्सासदेखि कोलम्बोसम्म अलोकालाई ल्याउने हवाई खर्च सामान्य यात्रुको तुलनामा करिब दस गुणा बढी परेको थियो। यसले अभियानको अन्तर्राष्ट्रिय पहुँच र लोकप्रियता झल्काएको छ।

श्रीलङ्कामा अहिले अलोकाको सुरक्षाका लागि सेनाका कमान्डोहरू परिचालन गरिएको छ। दुई जना कमान्डोहरू लगातार कुकुरको दुवै छेउमा रहेर पदयात्रा अघि बढाइरहेका छन्, ताकि स्थानीय सडक कुकुरहरूबाट कुनै जोखिम नहोस्। प्रहरीको केनेल विभागसमेत यसको सुरक्षामा खटाइएको छ।

पदयात्राको दृश्यले स्थानीय सडकमा ठूलो आकर्षण सिर्जना गरेको छ, जहाँ भक्तजनहरूले श्रद्धापूर्वक भिक्षुहरूलाई अभिवादन गर्दै यात्रा अवलोकन गरिरहेका छन्।

यस अभियानको सामाजिक सञ्जालमा पनि व्यापक प्रभाव देखिएको छ। पिस वाकको फेसबुक पेजमा मात्रै ३० लाखभन्दा बढी फलोअर्स रहेका छन् भने श्रीलङ्का यात्राको प्रत्यक्ष प्रसारण पहिलो पाँच घण्टामै ५१ हजारभन्दा बढी पटक हेरिएको आयोजकहरूले जनाएका छन्।

धार्मिक आस्था, सामाजिक सन्देश र एउटा उद्धार गरिएको कुकुरको उपस्थिति मिसिएको यो पदयात्रा अहिले श्रीलङ्कामा मात्र नभई अन्तर्राष्ट्रिय स्तरमै ध्यानको केन्द्र बनेको छ।

# अर्जुनधारामा वैदेशिक रोजगारी सम्बन्धी अभिमुखीकरण



**अर्जुनधारा, वैशाख ९।** झापाको अर्जुनधारा नगरपालिका अन्तर्गतको रोजगार सेवा केन्द्रको आयोजनामा वैदेशिक रोजगारी सम्बन्धी अभिमुखीकरण कार्यक्रम शुरु भएको छ।

नगरपालिकाको सभाहलमा आयोजित सो कार्यक्रम समुदायस्तरमा रहेका वैदेशिक रोजगारीमा जान चाहने नगरवासीहरुलाई लक्षित गरी सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी जानकारी दिने उद्देश्यले आयोजना गरिएको सामाजिक विकास शाखा प्रमुख हिमराज सेढाईले बताए।

नगरपालिकाकी उपप्रमुख एवम् कार्यक्रमकी सभाध्यक्ष खड्गमाया पराजुलीले उद्घाटन गरेको कार्यक्रम तीन दिनसम्म सञ्चालन हुने केन्द्रकी संयोजक प्रतिज्ञा थापामगरले जानकारी दिइन्। कार्यक्रमको पहिलो दिन मंगलबार अर्जुनधारा नगरपालिका-७ र ८का ५० जना र दोस्रो दिन बुधबार अर्जुनधारा नगरपालिका-३का ४० जनाको सहभागिता रहेको थियो।

कार्यक्रमको तेस्रो दिन बिहीबार अर्जुनधारा नगरपालिका-५ र ११ नं. वडाका सहभागीहरु रहने बताइएको छ। सहजकर्ता सुरक्षित आप्रवासन कार्यक्रम झापाका संयोजक शेखर बुढाथोकीले सहभागीहरुलाई नेपालीहरु बिदेशमा जानुपर्ने अवस्था, नेपालमा वैदेशिक रोजगारीको वर्तमान अवस्थालगायतका विषयमा सहजीकरण गरेका थिए।

सामाजिक विकास शाखा प्रमुख सेढाईले कार्यक्रमको औचित्यसहित स्वागत गरेको कार्यक्रमको सञ्चालन संयोजक मगरले गरेकी थिइन्।

# सालबारीमा सप्ताह महापुराण

**अर्जुनधारा, वैशाख ९।** झापाको अर्जुनधारा-११स्थित सालबारीमा सोमवारदेखि श्रीमद्भागवत सप्ताह महापुराण शुरु भएको छ।

स्थानीय ज्येष्ठ नागरिक सामुदायिक मिलन समाजको आयोजना उक्त महापुराण सामुहिक हितको कार्य, पूण्य आर्जन, पितृमोक्ष, समाज र राष्ट्रहितको कामनाको उद्देश्यले गरिएको महापुराण आयोजक समारोह समितिका संयोजक ध्रुवकुमार श्रेष्ठले जानकारी दिए।

त्यसैगरी आयोजक संस्थाको लागि आवश्यक भूमि खरिद गरी भवन निर्माण गर्ने लक्ष्यलाई पनि महापुराणले टेवा पुग्ने आयोजकले जनाएको छ। यही बैशाख १३ गतेसम्म महापुराणको प्रमुख कथावाचक आचार्य पण्डित अर्जुन नेपाल र उपवाचक आचार्य पण्डित रामप्रसाद मिश्र रहेका छन्।

महापुराण आयोजक समितिका संयोजक श्रेष्ठको अध्यक्षतामा आयोजित उक्त महापुराणको प्रमुख अतिथि सामाजिक व्यक्तित्व नरहरि चापागाँईले उद्घाटन गरेका थिए।

## विद्यालयको ...

स्पष्ट पारेको छ। सार्वजनिक सम्पत्तिको संरक्षण र व्यवस्थापनका लागि यो सूचना जारी गरिएको जनाइएको छ।

## गृहमन्त्री ...

तत्कालका लागि आफैँसँग राख्ने भएका छन्। बुधबार गृहमन्त्री गुरुङले गृहमन्त्री पदबाट राजीनामा दिएसँगै तत्कालै गृहमन्त्री नियुक्ति नगरिने भएको हो। तत्कालका लागि गृह मन्त्रालय प्रधानमन्त्री आफैँले राख्नेछन्। विवादबारे छानबिन गर्न उच्चस्तरीय समिति गठन गर्न सक्ने सम्भवना पनि छ- प्रधानमन्त्री स्रोतले भन्यो।

## हाइटेन्सन ...

कार्यालय पाँचथरबाट प्रहरी निरीक्षक रामचन्द्र साहको कमाण्डमा टोली खटिएको थियो। प्रहरीका अनुसार आवश्यक कानूनी प्रक्रिया अगाडि बढाइएको छ। स्थानीयवासीका अनुसार उक्त क्षेत्रमा हाइटेन्सन लाइन नजिकै खेतीपाती गर्ने क्रम जारी रहेकाले यस्ता जोखिम बढ्दै गएको छ। प्रहरीले उच्च भोल्टेज तार नजिक काम गर्दा विशेष सावधानी अपनाउन सर्वसाधारणलाई आग्रह गरेको छ।


## ई-रिक्सा हरायो

**यही मिति २०८२।१२।०२ गते दमक नगरपालिका वडा नं. ९ को श्री एल.आर.पी. सप्लायर्समार्फत याम कुमारी गिरीले खरिद गरी लिएको विद्युतीय ई-रिक्सा (सिटी सफारी) अर्जुनधारा नगरपालिका-६ समावेशी टोलबाट राति १२ बजेबाट हराइरहेको हुँदा फेला पार्नु हुने महानुभावले तलको सम्पर्क नम्बर वा नजिकको प्रहरी कार्यालयमा सम्पर्क गरी सहयोग पुऱ्याइदिनुहुन अनुरोध गर्दछु।**

ई-रिक्सा नं. KOSHI PRADESH 02005HA1979

इञ्जिन नं. MD9EMPWE4HH286696

मो. ९८०७९३०१०७


## गुटबन्दी ...

र जनतासँग जोड्न 'ग्रासरुट' (तल्लो तह) अभियान शुरु गरिएको जानकारी दिँदै घिमिरेले बीपी कोइरालाको आदर्शलाई स्मरण गरे। उनले भने- वीपीले राजासँग सम्झौता नगरी सधैँ जनताको पक्षमा उभिए जस्तै अहिलेको नेतृत्व पनि जनताप्रति नै उत्तरदायी हुनुपर्छ। पार्टीको प्रदेशस्तरीय संगठन सुदृढीकरण, निर्वाचन परिणामको समीक्षा तथा आगामी रणनीति तय गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो।

कार्यक्रममा पार्टीका कोशी प्रदेशका केन्द्रीय पदाधिकारी, केन्द्रीय सदस्य, प्रदेश कार्यसमिति, संघीय तथा प्रदेश सांसद, जिल्ला सभापतिहरू, क्षेत्रीय सभापतिहरू तथा अघिल्लो निर्वाचनमा प्रत्यक्ष र समानुपातिकतर्फका उम्मेदवारहरूको सहभागिता रहेको छ।

## निर्माण ...

मूल्यवृद्धिसंगै बिटुमिनको अभावले झापासहितका सडक कालोपत्रे गर्ने काम ठप्पजस्तै बनेको छ। भारतबाट आयातमा भएको अवरोधले मुख्य सिजनमै सामग्री अभाव भएको व्यवसायीहरू बताउँछन्। पैसा तिरेर पनि सामग्री पाइँदैन भने काम कसरी अघि बढाउने ?- निर्माण व्यवसायी संघ झापाका अध्यक्ष रमेश अधिकारीले भने। त्यससँगै सिमेन्ट, डन्डी लगायतका निर्माण सामग्रीको मूल्य निरन्तर उकालो लागिरहेको छ। उत्पादन लागत बढेकाले उद्योगहरूले मूल्य बढाएको बताउँदै आएका छन्। तर, यसले निर्माण परियोजनाको कूल लागतमा ठूलो प्रभाव पारेको छ। उनका अनुसार धेरैजसो आयोजनाको लागत अनुमान अब यथार्थसँग मेल खाँदैन।

कानूनी अड्चन पनि व्यवसायीहरूको असन्तुष्टिको अर्को कारण बनेको छ। बहुवर्षीय ठेक्कामा १५ प्रतिशतसम्मको मूल्यवृद्धि व्यवसायीले आफैँ व्यहोर्नुपर्ने र २५ प्रतिशतभन्दा बढी समायोजन गर्न नपाइने व्यवस्था अहिलेको परिस्थितिमा अव्यवहारिक भएको निर्माण व्यवसायी संघ झापाका पूर्वअध्यक्ष मिलन बस्नेतको भनाइ छ। 'वास्तविक बजार मूल्य र सरकारी सूचकांकबीच ठूलो अन्तर छ'- पूर्वअध्यक्ष बस्नेतले भने।

महासंघ, कोशी प्रदेशका महासचिव रमेश कार्कीका अनुसार अहिलेको अवस्था 'अघोषित कन्स्ट्रक्सन होलिडे' जस्तै हो। 'काम गर्ने वातावरण छैन। लागत असन्तुलित छ, सामग्री अभाव छ, इन्धन महंगो छ। यस्तो अवस्थामा परियोजना अघि बढाउन सकिँदैन'- उनी भन्छन्। उनका अनुसार धेरै आयोजनामा कामदार संख्या घटाइएको छ भने कतिपय ठाउँमा काम पूर्ण रूपमा रोकिएको छ।

देशभर करिब ८ खर्ब रुपैयाँ लागतका पाँच हजारभन्दा बढी आयोजना निर्माणाधीन छन्। तीमध्ये ठूलो हिस्सा अहिले प्रभावित भएको अनुमान गरिएको छ। यसको असर केवल व्यवसायीमा सीमित छैन- राष्ट्रिय अर्थतन्त्र, रोजगारी र पूर्वाधार विकासमा समेत यसको प्रत्यक्ष प्रभाव देखिन थालेको छ।

तर, सरकारी पक्ष भने फरक धारणा राख्छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका प्रवक्ता रामहरि पोखरेल निर्माण व्यवसायीहरूले औपचारिक रूपमा मन्त्रालयसँग पर्याप्त छलफल नगरेको दावी गर्छन्। उनी भन्छन्- व्यवसायीहरुले प्रत्यक्ष रूपमा आएर समस्या राखेको जस्तो लाग्दैन।

प्रवक्ता पोखरेलका अनुसार अनुसार समस्या समाधानका लागि कानूनी प्रक्रिया जटिल छ। ऐन र निर्देशिका परिवर्तन नगरी तत्काल समाधान सम्भव छैन। सरकारको यो धारणा र व्यवसायीहरूको असन्तुष्टिबीचको दूरी अझै घट्न सकेको छैन।

यता निर्माण व्यवसायीहरूले भने तत्काल नीतिगत हस्तक्षेपको माग गरेका छन्। विशेषगरी 'मूल्य समायोजन मार्गनिर्देशिका-२' ल्याउनुपर्ने उनीहरूको जोड छ, जसले वर्तमान असामान्य परिस्थितिमा लागत समायोजनलाई सहज बनाउन सक्ने उनीहरूको विश्वास छ।

निर्माण क्षेत्रको संकट अब केवल व्यवसायीहरूको समस्या मात्र नभई राष्ट्रिय प्राथमिकताको विषय बन्दै गएको उनीहरुको भनाइ छ। सडक, पुल, भवन, सिञ्चाइ र ऊर्जा परियोजना सुस्ताउँदा यसको असर समग्र विकासमा पर्ने भन्दै समाधान खोज्न सरकारलाई व्यवसायीहरुले सुझाव दिँदै आएका छन्।

यता खेतीको मुख्य सिजन नजिकिँदै जाँदा झापासहित तराईका जिल्लाका किसानहरू खेतबारीको तयारीभन्दा बढी इन्धन व्यवस्थापनको चिन्तामा छन्।

पछिल्लो समय कृषिमा बढ्दो यान्त्रिकीकरणसँगै ट्याक्टर, थ्रेसरजस्ता उपकरणमा निर्भरता बढे पछि कृषकहरुको चिन्ता थपिएको हो। पेट्रोलियम पदार्थको मूल्य उकालो लागेसँगै डिजेलको लागत अस्वाभाविक रूपमा बढ्दा कृषक चिन्तित देखिएका हुन्। पछिल्लो एक दशकमा कृषिको यान्त्रिकीकरण तीव्र रूपमा विस्तार भएको छ। परम्परागत हल-गोरु विस्थापित हुँदै गएका छन् भने ट्याक्टरजस्ता उपकरण गाउँ-गाउँमा सामान्य बन्दै गएका छन्।

यसले खेतीमा लाग्ने समय घटाउने, श्रम लागत कम गर्ने र उत्पादन बढाउने अपेक्षा थियो। तर, अहिले त्यही महंगो इन्धनका कारण किसानकै लागि बोझ बन्दै गएको छ। डिजेलको मूल्य निरन्तर बढिरहँदा किसानहरू फेरि परम्परागत प्रणालीतर्फ फर्किनुपर्ने कि आधुनिक प्रणालीमै टिकिरहने भन्ने द्विविधामा छन्।

झापाका अधिकाशं कृषकहरु अहिले यस्तै समस्यासँग जुधिरहेका छन्। केही समय अघि आएको हावाहुरी सहितको वर्षाले मकै खेतीमा ठूलो क्षति व्यहोरेका झापाली कृषकले अब कसरी धान खेती लगाउने भन्नेमा चिन्तित देखिएका हुन्। बाह्रदशी-३का जनचेतना मूल कृषक समूहका संस्थापक अध्यक्ष तथा अगुवा कृषक केशव बराल र याम तिम्सिनाले इन्धन मूल्यवृद्धिले साना किसानलाई सबैभन्दा बढी मार परेको बताएका छन्।

झापा गाउँपालिका-१का कृषक छवि पौडेल र कनकाई नगरपालिकाका कृषक भीम अधिकारीका अनुसार खेतीको समयमा मल वीऊदेखि तेलसम्म महंगो हुँदा ट्याक्टर तथा अन्य उपकरणको भाडा महंगो हुँदा खेती खर्च धान्नै कठिन भएको छ।

आधुनिक उपकरण भित्रिएसंगै विस्थापित बनेका हल गोरु किन्ने कि महंगो मूल्यमा ट्याक्टर लगायतका उपकरण प्रयोग गरेर खेती गर्ने भन्ने विषयले कृषक चिन्तित बनेको अगुवा कृषक बराल बताउँछन्। मूल्य वृद्धिको असर निर्माण क्षेत्रदेखि कृषि हुँदै प्रत्येक नेपालीको भान्सामा पुग्दा समेत मल्यवृद्धि नियन्त्रणका लागि सरकार उदासीन देखिएको छ।

## लागूऔषधसहित ...

पक्राउ गरिएको छ। कपिलवस्तुको वाणगंगा नगरपालिका-३ चम्कीपुरबाट ३४ वर्षीय जंगबहादुर दर्जी (किशोर) ७५० मिलिग्राम ब्राउनसुगर र १० हजार रुपैयाँ नगदसहित पक्राउ परेका छन्।

त्यसैगरी मोरङको रतुवामाई नगरपालिका-५ सुनवर्षीबाट ४० वर्षीय शान्तबहादुर तामाङ १५० मिलिग्राम खैरो हेरोइनसहित पक्राउ परेका छन्।

## अर्जुनधारा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शनिश्चरे, झापा कोशी प्रदेश, नेपाल

### सँधियारका नाममा जारी गरिएको सात दिने सूचना

अर्जुनधारा नगरपालिका वडा नं. ०८ बस्ने श्री शान्ता लिम्बूको नाममा दर्ता रहेको तपशिल बमोजिमको जग्गामा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा र स्थलगत सर्जमिन गर्न जाँदा संधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ को उपदफा क प्रयोजनका लागि यो सात दिने सुचना प्रकाशित गरिएको छ।

**तपशिल**

१. पूर्व तर्फ :- श्री कृष्ण प्रसाईं
२. पश्चिम तर्फ :- श्री बाटो
३. उत्तर तर्फ :- बाटो
४. दक्षिण तर्फ :- श्री जमुनादेवी गुरागाई

| जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल | सर्जमिन मिति | प्रकाशित मिति |
|---|---|---|---|---|
| अर्जुनधारा-०८ | २२८३ | ०-०-१०.२५ | २०८३।०१।०९ | २०८३।०१।१० |


## बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

वरिष्ठ रेडियोलोजिष्ट डा. संजयकुमार गुप्ताद्वारा

निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

हाम्रा सेवाहरु

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६




lg.com/np | LGNepal | lgnepalofficial | lgnepal | LG Nepal | LG Nepal | @lgnepalofficial

CUSTOMER CARE
TOLL FREE NO. 166 00 100 211
9851202211

FOR DEALERSHIP ENQUIRY
KATHMANDU VALLEY: 9851211064
OUTSIDE VALLEY: 9855020900, 9854022560

FOR CORPORATE ENQUIRY
9851012539

BUY ONLINE

CG Digital, Birtamode, 023-591158 | Agni Plaza, Madhumalla, 9842030110 | Amrit Enterprises, Chandragadhi, 9815022012 | Baidhya Trade Center, Prakashpath, Ilam, 9842627585 | Bajra Guru Enterprises, Phikkal, 9842728470 | Bansal TV Center, Birtamode, 9852674247 | Das Electronics, Gaurigunj, 9842630291 | Evana Traders, Surunga, 9849180850 | Jansewa Trading Center, Damak, 9842630650 | Jyoti Sunrise Electronics, Damak, 9842630684 | Kuma Impex, Damak, 9842620762 | Mukhiya Stores, Char Aali, 9807932494 | New Janaki Enterprises, Bhadrapur, 9869575736 | Pratham Group Pvt. Ltd., Birtamode, 9852689940 | Rachana Trade & Suppliers, Rajgadh, 9824993065 | Sagarmatha Electronics, Urlabari, 9852034501 | Sai Radio & Electronics, Phidim, 024-522241 | Sangraula Brother & Sons, Surunga, 9842774304 | Sayapatri Nepal, Mechinagar, 9851147700 | Laxmi Enterprises, Maidhar, 9806015350 | Shree Ram Impex, Dhulabari, 9807942703 | Shuvalav Electronics, Birtamode, 9852641144 | S. K. Purify, Gauradah, 9852676870 | The BS Suppliers, Birtamode, 9863721466 | Sashank Electronics, Damak, 9852686584 | Bidhit Electrical, Damak, 9815900630 | Arogya Saving & Credit, Ghailadubba, 9817959977


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९७०८८२६९०५) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

### शैक्षिक क्षेत्रको अन्यौल हटाऊ

**सरकारले बैशाखको पहिलो हप्तादेखि शुरु हुँदै गरेको शैक्षिक सत्रलाई बैशाख १५ बाट प्रारम्भ हुने निर्णय गरेपछि देशभर अन्यौलको अवस्था आएको छ । शैक्षिक सत्र ढिलो शुरु गर्ने संघीय सरकारको निर्णयले विद्यार्थी, अभिभावक, शिक्षक, विद्यालय सबै अन्यौलमा परेका हुन् । सरकारले मध्यपूर्वमा जारी युद्धको प्रभाव र त्यसले उत्पन्न गरेको पेट्रोलियम पदार्थको संकटका कारण हप्तामा दुई दिन विदा दिने र शैक्षिक सत्रपछि सारेर बैशाख २१ गतेदेखि पठनपाठन सञ्चालन गर्ने निर्णय गरेको थियो । संघीय सरकारको विद्यालय सम्बन्धी निर्णयमा शिक्षण संस्थाहरु सन्तुष्ट छैनन् र स्थानीय सरकार पनि त्यसको बिरुद्ध देखिन थालेपछि थप अलमल पैदा भएको छ ।**

**माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापन गर्ने अधिकार संविधानले स्थानीय तहलाई दिएको छ । यही अधिकारलाई आधार बनाएर देशभरका कतिपय पालिकाले भर्ना अभियान र पठनपाठन शुरु गरिसकेका समाचारहरु सार्वजनिक भइसकेका छन् । यही मेसोमा झापाको बाह्रदशी गाउँपालिकामा पनि विद्यालय खोल्ने कि नखोल्ने बहस चर्किएको छ । मुख्यत: निजी विद्यालय सञ्चालकहरु शैक्षिक सत्र पछि धकेल्ने निर्णयले विद्यार्थीको निरन्तर सिकाइ व्यावहारिक विकास र मनोसामाजिक अवस्थासँग जोडिएको भन्दै स्थानीय सरकार समक्ष ज्ञापन पत्रसहित पुगेका छन् । उनीहरुले अभिभावकको गुनासोलाई मध्यनजर गर्दै बैशाख १० गतेदेखि विद्यालय सञ्चालन गर्न पाउनुपर्ने ध्यानाकर्षण पत्र बुझाएका हुन् । निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) बाह्रदशीका अध्यक्ष निमेश ढुंगेल लगायतका प्रतिनिधिले पालिका कावा अध्यक्ष शान्तादेवी शिवाकोटी खरेल लगायतका पदाधिकारीलाई सो पत्र बुझाएका हुन् ।**

**शिक्षा सम्पूर्ण विकासको पहिलो आधार हो । त्यसैले शिक्षा नीतिमा संशय वा अन्यौल हुनुहुँदैन । शिक्षा क्षेत्रको अनिश्चितता दीर्घकालीन रुपमै घातक हुनसक्छ । आइतबार बिदा दिने निर्णयले पाठ्यक्रमले निर्दिष्ट गरेको पठनपाठनको समय पूरा हुन सक्दैन, सिकाइ उपलब्धिमा असर पर्न सक्छ । यस्तोमा स्थानीय तह, प्रदेश र संघीय सरकारका बीच समन्वय आवश्यक छ । शैक्षिक सत्र शुरु गर्ने विषय भौगोलिक, सामाजिक र आर्थिक विविधताको देश हो । तसर्थ, स्थान अनुसारको समस्यालाई आत्मसात गरी स्थानीय तहसँग समन्वय गर्न आवश्यक छ । शिक्षा क्षेत्रमा गरिने निर्णयको असर विद्यार्थीको भविष्यमा पर्ने भएकाले शैक्षिक सत्रको विवाद समाधान गर्दै विश्वासयोग्य वातावरण निर्माण गर्न सरोकारवाला सबैको अग्रसरता हुनुपर्छ ।**

### किसान झस्काउने केरा आयात निर्देशन

# उत्पादन बढाउने कि आयातमै निर्भर रहने ?

लक्ष्मण गुरुङ



केही महिना अघिसम्म प्रतिदर्जन १२० देखि १५० रुपैयाँमा पाइने केराको मूल्य अहिले दोब्बर पुगेको छ। अहिले भारतीय केरा भित्रिएको छैन। सरकारले गएको असोजदेखि नै भारतबाट केरा आयातमा कडाइ गरेको छ। मुख्यगरी 'पनामा रोग'का कारण केरा आयातमा प्रतिबन्ध गरिएको हो। तर, सामाजिक सञ्जालमा यसै हप्ता एक जना सांसदले भारतीय केरा आयात सहज बनाउन भन्सारमा पूरा गर्नु पर्ने विषादि तथा क्वारेन्टाइन जाँच प्रक्रिया नरोक्न निर्देशन दिएको विषय आएको छ। सामाजिक सञ्जालमा आएकै विषय भए पनि स्वदेशी उत्पादनले माग धान्न नसकेको तर्कमा आधारित रहेर गरिएको निर्देशनले कृषि नीति, कार्यक्रमको उपलब्धि, उपभोक्ताको स्वास्थ्य, किसानको भविष्य र सरकारले आउँदा दिनमा लिने कृषि नीतिप्रति गम्भीर प्रश्न उठाएको छ। सस्तो आयातका नाममा के हामीले उपभोक्ता स्वास्थ्य र किसानको भविष्य जोखिम राख्न मिल्छ ? यो निर्देशक तत्काल आवश्यकता हो वा दीर्घकालीन आयात निर्भरतातर्फको शुरुवात ? विषय गम्भीर छ।

**नेपालमा केरा खेतीको विकास र वर्तमान अवस्था**

केही दशक यता नेपालले लिएको केरा खेतीको विस्तार र विकासको नीतिका कारण तीव्र रूपमा व्यवसायीकरणतर्फ उन्मुख छ। कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको प्रतिवेदन २०७४/०७५को तथ्याङ्क अनुसार देशभर केरा खेती १६,६९९ हेक्टरमा विस्तार भइसकेको छ भने कूल उत्पादन क्षमता २,५४,१६१ मेट्रिक टन र प्रति हेक्टर औसत उत्पादकत्व १५.२२ मेट्रिक टन रहेको देखाएको छ। विभिन्न अध्ययनको तथ्याङ्क अनुसार गर्मीयामको फलफूलको रूपमा उत्पादन भइरहेको केरा खेती राम्रो फस्टाएको र कुल फलफूलको झण्डै २१ प्रतिशत र कूल उत्पादनको ३७ प्रतिशत हिस्सा ओगटेको तथ्याङ्कले देखाउँछ। सन् १९९०देखि २०१९सम्म केरा खेतीको क्षेत्रफल, उत्पादन र उत्पादकत्व क्रमशः ५.९६, ६.३८ र ०.४० प्रतिशत वार्षिकदरले वृद्धि भएको देखिन्छ, जसले यसको उच्च सम्भावना भए पनि उत्पादकत्व वृद्धि अपेक्षाकृत कमजोर रहेको सङ्केत गर्छ। यसलाई केरा खेतीको विकासलाई थप सुधार्नु पर्ने सुझावको रूपमा लिन पनि सकिन्छ। यो तहसम्म आइपुग्नुमा विगतमा अवलम्बन गरिएको कृषि विकास रणनीतिका प्रयासहरू जस्तै एक गाउँ, एक उत्पादन, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र संयुक्त राष्ट्रसंघ विकास कार्यक्रम, एकीकृत पर्वतीय विकासका लागि अन्तर्राष्ट्रिय केन्द्र र कोरियाली अन्तर्राष्ट्रिय सहयोग एजेन्सी जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूले किसानको क्षमता अभिवृद्धि कार्यक्रममार्फत केरा विकासमा गरेको योगदान मुख्य रहेका छन्।

तर, विगतको तथ्याङ्कले उत्पादन विस्तार देखाए पनि, पछिल्लो आर्थिक वर्ष २०८०/०८१मा झण्डै ५६,७६२ मेट्रिक टन केरा आयात भएको तथ्यले राष्ट्रिय उत्पादन अझै माग अनुसार पर्याप्त नभएको स्पष्ट हुन्छ। विशेष गरी भदौदेखि माघ महिनाबीचको समयमा भारतीय बजारमा केराको मूल्य सस्तो र सहज आपूर्ति हुने भएकोले नेपाली केराले प्रतिस्पर्धा गर्न कठिन हुन्छ। जाडो याममा भारतबाट ६० देखि ७० प्रतिशतसम्म सस्तोमा हुने कृषि उत्पादन आयातले स्थानीय कृषि उत्पादनको बजारको मूल्यमा दबाब सृजना गर्ने गरेको छ। उत्पादनतर्फ किसानको आर्थिक पक्षबाट हेर्दा केरा खेतीमा अन्नबाली र उखु भन्दा झण्डै दुई गुणासम्म बढी लाभ लिन सकिने देखिएको छ। तर, उत्पादनसम्बन्धी देखिएका चुनौति र केरा खेतीमा अत्यधिक कीटनाशक तथा विषादीको प्रयोग हुने तथ्याङ्कले उत्पादन प्रणालीको दिगोपना माथि पनि प्रश्न उठाइरहेको सन्दर्भमा विषादियुक्त केराको विषादि परीक्षण र क्वारेन्टाइनमा हुने कडाइ खुकुलो पार्न दिएको निर्देशन थप जोखिम हुने देखिन्छ।

अर्कोतर्फ स्वदेशी केरा उत्पादनको लागि बढ्दै गएको विषादीको प्रयोगले उपभोक्ताको स्वास्थ्यमा पार्ने जोखिम, माटोको उर्वराशक्ति घटिरहेको, दीर्घकालीन रूपमा गिरावट ल्याउने सम्भावना रहेको र पर्यावरणीय सङ्कट निम्तिएको अवस्थामा स्वदेशी केरा उत्पादनको अभ्यासलाई सुधार गर्न आवश्यक कदम चाल्नु पर्ने अवस्थामा खुकुलो विषादि चेक जाँचमा भित्रिने केरा आयातको असर व्यवस्थापन गर्न ध्यान दिनुपर्दैन र ?

गुणस्तरीय बिरुवा र उचित प्राविधिक ज्ञानको अभाव, कृषि ऋण, बजार पहुँच र भण्डारण पूर्वाधारको अभावमा सम्भावना हुँदा हुँदै पनि सोचे जति उत्पादनमा प्रगति हासिल गर्न नसकेको वस्तुगत अवस्थामा नेपाली केरा उत्पादक किसानले असन्तुलित र आयातसँग प्रतिस्पर्धा गर्न असक्षम बनिरहेको छ। त्यसैले, दीर्घकालीन रूपमा उत्पादन वृद्धि, गुणस्तर सुधार र विषादी प्रयोग नियन्त्रण गर्दै जैविक तथा दिगो खेतीतर्फ उन्मुख हुनु अपरिहार्य छ।

**हालको निर्देशन र यसको बजारमा प्रभाव**

नेपालमा केरा खेतीले दिएको उत्पादकत्व र बजारको माग बीचको सन्तुलन मिलाउन कठिन परिरहेको सन्दर्भमा हाल आएको भारतीय केरा आयातलाई सहज बनाउने निर्देशनलाई बुझ्नुपर्छ। तर, यस निर्देशनलाई बजार र आपूर्ति व्यवस्थापनमा पार्ने प्रभावको रूपमा मात्र नभई व्यापक आर्थिक र कृषि संरचनाको सन्दर्भमा विश्लेषण गर्न आवश्यक छ। भारतबाट हुने सस्तो र सहज केरा आपूर्तिका कारण नेपाली केराले प्रत्यक्ष प्रतिस्पर्धा गर्न नसक्ने अवस्था रहने हुँदा आयात सहज बनाउने नीतिले बजार मूल्यमा दबाब सिर्जना गर्छ। यसले नेपाली किसानको उत्पादन लागत र बिक्री मूल्यबीचको सन्तुलन बिगारेर केरा जस्तो नगदे बालीको उत्पादन घटाई किसानलाई बजार र कृषिबाट विस्थापित गर्ने सम्भावना बढ्छ।

अल्पकालीन रूपमा हेर्दा यस्ता कृषि वस्तुको आयातले उपभोक्तालाई राहत दिए पनि, फलफूलको उपलब्धता सहज र भाउ सस्तो बनाए पनि यस्ता निर्देशन र नीतिले दीर्घकालमा पार्ने असर गम्भीर हुन सक्छ। यो असरको कारण घरेलु उत्पादनले निरन्तर बजार गुमाउने जोखिम बढाउँदै लगेर किसानको लगानी क्षमता घट्ने, उत्पादन क्षेत्र संकुचित बन्ने, कृषि वस्तुको लागि रहेको आयात निर्भर थप बढ्ने र अन्ततः खाद्य सुरक्षाको खतरा आउन सक्छ। यसरी हेर्दा, हालको निर्देशन केवल व्यापार सहज बनाउने निर्णय मात्र होइन, यसले नेपालको केरा खेतीको भविष्य उत्पादन वृद्धि गर्ने कि आयातमै निर्भर रहने भन्ने मूल प्रश्नसँग प्रत्यक्ष रूपमा जोडिएको छ। आयातसँगै बढ्ने व्यापार घाटा, यसको कारण पुँजी सञ्चितिमा कमी भई राष्ट्रिय लगानी क्षमता गुम्ने र हाम्रो विदेशी मुद्रा खाद्यान्न आयातमा मात्र खर्च गर्न पर्दा अन्य वस्तुको निर्यात र आयात व्यापार पनि प्रभावित हुन सक्छ।

**नीतिगत पक्ष र निर्णय प्रक्रियाको प्रश्न**

नेपालमा हुँदै आएका कृषि तथा व्यापार सम्बन्धी निर्णयहरू दीर्घकालीन उत्पादन प्रणाली र किसानको हितलाई पर्याप्त रूपमा मूल्याङ्कन गरेर गरिएको छ त ? किनभने हालसम्म लागू भएका प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र एक गाउँ एक उत्पादन जस्ता कार्यक्रमले केरालाई प्रमुख नगदे बालीको रूपमा प्राथमिकता दिएर काम गरेको भए पनि उत्पादनले अझै राष्ट्रिय माग धान्न नसक्नु संरचनात्मक अपुगता हो कि, अथवा आयात सहज बनाउने निर्देशन र निर्णय आउनु आपूर्ति व्यवस्थापन विषय मात्र नभई नीति समन्वय र कार्यान्वयन क्षमताको विषय पनि हो भन्ने देखाएको छ।

यस्तो समयमा भएका निर्देशन बहुपक्षीय छलफल र समन्वयमा आधारित छ कि छैन र हुनुपर्छ कि पर्दैन भन्ने प्रश्न उठ्नु स्वाभाविक हो। किसान, कृषि विज्ञ, उपभोक्ता हित संरक्षण निकाय, स्थानीय सरकार र उत्पादन क्षेत्रको संयुक्त सहमतिबिना र समस्याको पर्याप्त मूल्याङ्कन नगरी दिइने निर्देशन र गरिने निर्णयले दीर्घकालीन कृषि संरचनामा असन्तुलन सिर्जना गर्न सक्छन्। विशेषगरी, नीति बनाए पनि कार्यान्वयन तहमा देखिने कमजोर समन्वयले कृषि कार्यक्रमको प्रभावकारिता घटाउने गरेको विगतका अनुभवहरूले देखाउँछन्। एकातिर सरकारले विभिन्न कार्यक्रममार्फत उत्पादन वृद्धि र आत्मनिर्भर कृषि प्रणालीको लक्ष्य राख्ने, अर्कोतिर आयात सहज बनाउने निर्देशन दिने अवस्था छ। यो आफैँमा द्वन्द्वात्मक देखिन्छ। त्यसैले, आयात-निर्यात व्यवस्थापनको विषय मात्र नभई कृषि नीति निर्माण प्रक्रियाको गुणस्तर, संस्थागत समन्वय र दीर्घकालीन दृष्टिकोणसँग सम्बन्धित विषय भएकोले केबल अल्पकालीन बजार आपूर्तिमा मात्र केन्द्रित हुने हो भने नेपालमा रहेको कृषि सम्भावना क्रमशः कमजोर हुँदै जाने र विश्लेषित आर्थिक असन्तुलन अझ गहिरो बन्ने सम्भावना रहन्छ। तसर्थ संवेदनशील कृषि क्षेत्रको नीति निर्माण गर्दा, निर्देशन जारी हुँदा 'तत्कालीन बजार दबाब' भन्दा पनि 'दीर्घकालीन उत्पादन सुरक्षा, किसान संरक्षण र आत्मनिर्भर कृषि प्रणाली निर्माण' मा आधारित हुनुपर्ने आवश्यकता छ। केवल आयात सहज बनाउने नीतिले होइन, भइरहेका कार्यक्रमको प्रभावकारी कार्यान्वयन, उत्पादन लागत घटाउने प्रविधि हस्तान्तरण र बजार पहुँच विस्तारमार्फत नै दिगो समाधान सम्भव हुन्छ।

**केरा उत्पादनमा रहेका समस्या र समाधानको दिशा**

नेपालमा केरा खेतीको सम्भावना र २०४६ यताको उत्पादकत्वमा भइरहेको वृद्धि प्रतिशत हेर्दा सम्भावना उच्च रहेको देखिन्छ। तर, प्राविधिक, संरचनात्मक समस्या र नीतिगत चुनौतिका कारण खुम्चिएको केरा उत्पादनको क्षमता वृद्धि गर्न भने कठिनाइ भइरहेको छ। यसको पछाडि उच्च लागत, बजार र प्रविधिको सहज पहुँच अभाव, गुणस्तरीय बिरुवाको उपलब्धता, प्रतिकुल मौसम, बीमा तथा राहत सहज नहुनु, अत्यधिक विषादीको प्रयोग र नीतिगत अस्पष्टता जस्ता समस्याले खेतीको दिगोपनलाई अवरोध पुऱ्याएको छ। यसको असर किसानको आर्थिक चक्रमा पर्न गई प्रतिस्पर्धी क्षमता थप कमजोर बनाएर किसानले उत्पादन घटाउने वा खेती नै छोड्न बाध्य हुने अवस्था आउन सक्छ।

यसले दीर्घकालीन रूपमा उत्पादन क्षेत्र संकुचित हुने र देश आयातमा अझ निर्भर हुने जोखिम बढाउँछ। यस्तो अवस्थाबाट बाहिर निस्कनका लागि बहु आयामिक समाधान आवश्यक देखिन्छ। पहिलो, उत्पादन प्रणालीलाई दिगो र सुरक्षित बनाउन विषादी प्रयोगको नियन्त्रण, जैविक (अर्गानिक) खेती प्रवर्द्धन र प्राविधिक प्रशिक्षणमा जोड दिनुपर्छ। दोस्रो, गुणस्तरीय बिरुवा, सिँचाइ, भण्डारण तथा बजार पूर्वाधार विकासमार्फत उत्पादन लागत घटाउने र उत्पादकत्व बढाउने प्रयास आवश्यक छ। तेस्रो, किसानलाई सहुलियतपूर्ण कृषि ऋण, बीमा र बजार सूचना उपलब्ध गराई प्रतिस्पर्धात्मक बनाउनु अपरिहार्य छ।

त्यसैगरी खेती विस्तारमा भएका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, स्थानीय स्तरमा मूल्य शृंखला सुदृढीकरण र सूचना प्रविधिको प्रयोग विस्तारले उत्पादन र बजारबीचको अन्तर घटाउन सक्छ। विशेषगरी, स्थानीय, क्षेत्रीय र केन्द्रीय बजारमा स्वदेशी उत्पादनको पहुँच सुनिश्चित गर्नु दीर्घकालीन समाधानको महत्वपूर्ण आधार हुन सक्छ। अन्तमाः नेपालमा केरा खेतीको भविष्य केवल उत्पादन वृद्धि वा आयात नियन्त्रणको विषय मात्र होइन, यो सन्तुलित र दूरदर्शी नीतिगत निर्णयमा निर्भर छ। सस्तो आयातले तत्काल राहत दिन त सक्ला, तर यसले घरेलु उत्पादन प्रणालीलाई कमजोर बनायो भने यसको मूल्य दीर्घकालीन रूपमा अझ महँगो पर्न सक्छ। त्यसैले, आयात र स्वदेशी उत्पादनबीच सन्तुलन कायम गर्दै, किसान संरक्षण, उपभोक्ता स्वास्थ्य र दिगो कृषि प्रणाली निर्माणतर्फ उन्मुख हुनु नै आजको प्रमुख आवश्यकता हो। 'आज लिइने निर्णयले भोलिको कृषि संरचना निर्धारण गर्छ।' उज्यालो

*(लेखक कृषि विकास र अर्थशास्त्रसम्बन्धी अनुसन्धानमा आबद्ध कृषि विज्ञ हुन्।)*



# गहिरो निद्रा कसरी पाउने ?

निद्रा मानव जीवनका लागि अति आवश्यक कुरा हो। जसरी स्वस्थ बन्नका लागि पोषिलो खानपान, व्यायाम र मानसिक सन्तुष्टि लगायतका कुराहरू आवश्यक पर्छन्, त्यसरी नै निद्रा पनि अत्यावश्यक छ।

निद्राले थकाइ घटाउने, मनलाई शान्त बनाउने, शरीरलाई पुनर्ताजगी प्रदान गर्ने र रोग प्रतिरोधात्मक क्षमता बलियो बनाउने काम गर्छ। साथै मानसिक कार्यक्षमता जस्तैः स्मरण शक्ति, एकाग्रता, ध्यान र रचनात्मकतालाई बढावा दिन पनि निद्राको जरुरी हुन्छ।

उमेर अनुसार मानिसलाई निद्राको आवश्यकता पनि फरक-फरक हुने गर्छ। शारीरिक कार्यहरू जस्तै हर्मोनहरूको सन्तुलन, मुटु र रक्तसञ्चार स्वास्थ्यको सुदृढीकरण, मेटाबोलिज्म सुधार र तौल नियन्त्रण गर्ने, सौन्दर्यता बढाई छालामा चमक ल्याउने जस्ता अनेकौं कार्य निद्राले गर्ने वरिष्ठ योग तथा प्राकृतिक चिकित्सक डा. हेमराज कोइराला बताउँछन्।

**कसलाई दैनिक कति निद्राको आवश्यकता पर्छ ?**

सामान्यतयाः वयस्कहरूका लागि दैनिक सातदेखि आठ घण्टा गुणस्तरीय निद्रा आवश्यक मानिन्छ। स्वस्थ जीवनशैलीका लागि यो समय शरीरलाई आराम दिन र मस्तिष्क सक्रिय राख्न जरुरी छ। उमेर अनुसार निद्राको आवश्यकता फरक पर्छ; नवजात शिशुलाई १४-१७ घण्टा, बालबालिकालाई ९-१२ घण्टा र वृद्धवृद्धालाई ७-८ घण्टा निद्रा आवश्यक हुन सक्छ।


**उमेर अनुसार आवश्यक निद्रा :**

**नवजात शिशु (०-३ महिना):** १४ देखि १७ घण्टा
**शिशु (४-१२ महिना) :** १२ देखि १६ घण्टा
**बालबालिका (१-५ वर्ष) :** १० देखि १४ घण्टा
**विद्यालय जाने उमेर (६-१३ वर्ष) :** ९ देखि १२ घण्टा
**किशोरकिशोरी (१४-१७ वर्ष) :** ८ देखि १० घण्टा
**वयस्क (१८-६४ वर्ष) :** ७ देखि ९ घण्टा
**वृद्धवृद्धा (६५+ वर्ष) :** ७ देखि ८ घण्टा

**गहिरो निद्राका लागि टिप्स :**

- सुत्ने र उठ्ने निश्चित समय बनाउनुहोस्।
- सुत्नुअघि मोबाइल वा टिभी नहेर्नुहोस्।
- कोठा शान्त, अध्यारो र आरामदायी बनाउनुहोस्।
- नियमित व्यायाम गर्नुहोस्।



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, मन प्रशन्न रहला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** स्वास्थ्य प्रतिकुल बन्नेछ, मन शान्त रहने छ, छोटो दूरीको रमाइलो यात्रा हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट सहयोग र हौशला मिल्नेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** आज तपाईको बोलिको भरमा काम बन्नेछ, बोलिमा विचार पुऱ्याउनुहोला, स्वास्थ्यमा समस्या देखिन सक्छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** आज पराक्रम बढ्ने योग छ, दिगो फाइदा हुने कामको शुरूवात हुनेछ, आयआर्जनको स्रोत बढ्नेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** समय सामान्य रहेको छ, काम सफलता हुँदा मन खुशी रहनेछ, खानपानमा विशेष ध्यान दिनुहोला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** स्वास्थ्य प्रतिकुल बन्नेछ, अनावश्यक झमेलामा फसिने योग छ, कसैसँग विवाद नगर्नुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** पशुचौपायाबाट यथेष्ठ लाभ मिल्नाले मन खुशी रहला, स्वास्थ्य समस्याले सताउन सक्छ, ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** दिन मध्यम रहेको छ, शुरुवातमा लाभ मिल्नेछ, बेलुकीपख अशुभ खबर आउनाले तनाव बढ्नेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मन प्रफुल्ल रहला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** बुद्धिको उपयोगले धन आर्जन गर्ने समय छ, धेरैलाई प्रभावित बनाउन सकिनेछ ।



# पाटाको सागमा ब्राउनसुगर लुकाएपछि...



**झापा, बैशाख ९।** लागूऔषध कारोबारीले अनेक उपाय अपनाएर भारतबाट नेपाल लागूऔषध भित्र्याउने गरेको तथ्य खुलेको छ।

जिल्ला प्रहरी कार्यालय झापाले सीमावर्ती क्षेत्रमा निगरानी कडा बनाएसंगै लागूऔषध कारोबारीले लागूऔषध नेपाल भित्र्याउन विभिन्न जुक्तिहरु अपनाएको पाइएको छ।

यसैक्रममा भारतबाट पाटाको सागमा ब्राउन सुगर लुकाएर ल्याउने एक महिला भद्रपुर नाकामा पक्राउ परेकी छन्। उनी पक्राउ परेसंगै साग व्यापारकाको नाममा लागूऔषध भित्र्ने गरेको तथ्य खुलेको हो।

भद्रपुर-५ मेची पुलमा वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेकी पैदलयात्री भद्रपुर-६ कृष्णा कम्प्लेक्स सिनेमा हलनजिक बस्ने ५० वर्षीया खैरुन खातुनलाई लागूऔषधसहित पक्राउ गरेको हो।

शङ्का लागेर चेकजाँच गर्दा उनले हातमा बोकेको कालो प्लास्टिकको झोलामा पाटा सागको मुठाभित्र लुकाएर ल्याउँदै गरेको प्लास्टिकसहित चार ग्राम एक सय ४० मिलिग्राम र प्लास्टिकबाहेक तीन ग्राम सात सय ४० मिलिग्राम ब्राउन सुगर फेला परेको थियो।

उनलाई नियन्त्रणमा लिई थप अनुसन्धान तथा कानूनी कारबाहीको लागि जिल्ला प्रहरी कार्यालय झापा पठाइएको छ। प्रहरीले सिमावर्ती क्षेत्रमा निगरानी बढाएसँगै अवैध गतिविधि गर्नेहरु फन्दामा पर्न थालेका हुन्।

यसअघि प्रहरी मोटरसाइकलको टयर, पेट्रोलको ट्याङ्की तथा लुकिङ ग्लास लगायतका स्थानमा लुकाएर नेपाल भित्र्याएका घटनाहरु सार्वजनिक गरेको थियो। तर, यसपटक भने प्रहरीले सागको मुठाभित्र लागूऔषध फेला पारेसंगै नयाँ घटना बाहिर आएको हो।

यसैबीच दमक-८ किरात चोक बस्ने २२ वर्षीय एलिसराज खरेल ब्राउन सुगरसहित पक्राउ परेका छन्। इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले खरेलको घर खानतलासी गर्ने क्रममा उनी सुत्ने कोठाको खाटमुनि पोका पारी राखेको अवस्थामा प्लास्टिकसहित ६ ग्राम नौ सय ७०मिलिग्राम र प्लास्टिकबाहेक पाँच ग्राम सात सय ३० मिलिग्राम ब्राउन सुगर र डिजिटल तराजु समेत फेला परेको छ। उनलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# ‘तरकारी परीक्षण गरिने, विषादि भेटिए कारवाही’



**भद्रपुर, बैशाख ९।** भद्रपुर नगरपालिकाले तरकारी तथा सागसब्जीमा हुने विषादिको प्रयोग नियन्त्रण गर्दै उपभोक्ताको स्वास्थ्य सुरक्षा सुनिश्चित गर्न विशेष कार्ययोजना अघि सारेको छ।

नगर कृषि विकास शाखाले मंगलबार नगरपालिकाको सभा हलमा आयोजना गरेको ‘विषादि सचेतना अन्तरक्रिया तथा छलफल कार्यक्रम’ मा यस्तो जानकारी दिइएको हो।

कार्यक्रममा बोल्दै नगर प्रमुख गणेश पोखरेलले अब नगर क्षेत्रभित्र उत्पादन हुने तथा बजारमा बिक्रीका लागि ल्याइने तरकारीको स्रोत पहिचान गरिने र अनिवार्य रूपमा विषादि अवशेष परीक्षण गरिने स्पष्ट पारे।

नगर प्रमुख पोखरेलका अनुसार, यस कार्यका लागि नगरपालिकाले बजेटमार्फत विशेष व्यवस्था गरिसकेको छ। कृषि थोक बजार व्यवस्थापन समिति, बिर्तामोडसँगको समन्वयमा बजारमा भित्रिने तरकारीको नियमित परीक्षण गरिनेछ। परीक्षणका क्रममा विषादिको मात्रा मापदण्डभन्दा बढी भेटिएमा सम्बन्धित व्यापारीमाथि कडा कारबाही गरिने चेतावनी दिइएको छ। उनले नगरपालिकाले आगामी दिनमा जैविक तरकारी खेती प्रवर्द्धन गर्ने, साथै टोल-टोलसम्म रासायनिक विषादि न्यूनीकरणसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने योजना रहेको पनि जानकारी दिए।

कार्यक्रममा उपप्रमुख राधा कार्कीले विषादियुक्त तरकारीको उपभोगका कारण क्यान्सर तथा मिर्गौला सम्बन्धी बिरामीको संख्या बढ्दै गएकोप्रति चिन्ता व्यक्त गर्दै उपभोक्ताको स्वास्थ्यलाई प्राथमिकतामा राखेर काम भइरहेको बताइन्।

भद्रपुर नगरपालिकाको यो पहलले बजारमा सुरक्षित तथा गुणस्तरीय तरकारी उपलब्ध गराउन सहयोग पुग्ने अपेक्षा गरिएको कृषि शाखाका सुमन बिमलीले जानकारी दिए। उनका अनुसार अब छिट्टै बजारमा पुगेर तरकारी तथा सागसब्जी विषादि परीक्षण गरिने बताए।

सो कार्यक्रममा नगर क्षेत्रका कृषक तथा व्यापारीहरूको उल्लेख्य सहभागिता रहेको थियो। त्यस्तै, कृषि ज्ञान केन्द्रका प्रमुख सागर विष्टले विषादिको दीर्घकालीन असर तथा यसको सुरक्षित प्रयोगबारे प्राविधिक जानकारी दिए। भद्रपुर वडा नं. ३का वडाध्यक्ष हेमबहादुर कार्कीले अनुगमन समितिलाई थप सक्रिय र प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याएका छन्।

# बर्डफ्लु नियन्त्रण गर्न प्रशासनको कडाइ

**धरान, बैशाख ९।** सुनसरीका विभिन्न स्थानमा बर्डफ्लु देखिएपछि नियन्त्रणका लागि पहल गरिएको छ।

जिल्ला प्रशासन कार्यालयले जारी गरेको सूचना अनुसार इटहरी उपमहानगरपालिका, इनरुवा नगरपालिका, दुहबी नगरपालिका तथा गढी गाउँपालिकालगायत स्थानमा कुखुरापालन गरिएका फार्महरूमा बर्ड फ्लु (एभियन इन्फ्लुएन्जा, एच फाइभ एन वन) नामक रोग पुष्टि भएको जनाइएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी घनश्याम न्यौपानेका अनुसार उक्त रोग मानिसमा समेत सर्न सक्ने भएकाले बर्ड फ्लु नियन्त्रण नियमावली, २०७८ बमोजिम सङ्क्रमित क्षेत्रलाई केन्द्रविन्दु मानी चार किलोमिटर क्षेत्रलाई सङ्कटग्रस्त क्षेत्र तोकिएको छ। रोग थप फैलिन नदिन सो क्षेत्रमा आवश्यक नियन्त्रणका कार्य अघि बढाइएको प्रशासनले जनाएको छ।

जिल्ला प्रशासनले वैशाख १४ गतेसम्मका लागि कुखुरा, चल्ला तथा कुखुराजन्य वस्तु (अण्डा र मासु) को ओसारपसारमा प्रतिबन्ध लगाएको छ। सङ्क्रमित क्षेत्रबाट अन्यत्र तथा अन्य जिल्लाबाट सुनसरीभित्र कुखुरा तथा कुखुराजन्य वस्तु भित्र्याउन र बाहिर लैजान रोक लगाइएको सहायक प्रमुख जिल्ला अधिकारी न्यौपानेले बताए।

जिल्ला प्रशासन कार्यालयले जिल्लावासी, कृषक, व्यवसायी तथा सरोकारवालालाई उच्च सतर्कता अपनाउन र नियन्त्रण कार्यमा सहयोग गर्न आग्रह गरेको छ। गत चैत ११ गते सुनसरीमा बर्डफ्लु पुष्टि भएपछि जिल्लाका विभिन्न स्थानमा प्रभावित फार्महरूमा कुखुरा तथा अण्डा नष्ट गर्ने र खोर सरसफाइ गर्ने अभियान सञ्चालन गरिएको थियो। सोही दिन इटहरी, दुहवी र गढीलगायतका ठाउँहरूमा आठ वटा बढी कृषि फार्ममा सङ्क्रमण पुष्टि भएको थियो।

सङ्क्रमण पुष्टि भएपछि इटहरी-१९ स्थित ओकेओ कृषि प्रालिमा रहेका ११ हजार २० कुखुरा र ११ हजार ३०० अण्डा नष्ट गरिएको थियो। यस्तै, गढी गाउँपालिका-५ को सञ्जित कृषि फार्ममा ४२१, इटहरी-११को आलम कृषि फार्ममा ५५०, इटहरी-१८ को रानी कृषि फार्ममा एक हजार ९३० (लेयर्स र गिरीराज) तथा इटहरी-१७को लक्ष्मी पोल्ट्री फार्ममा ५१० कुखुरा र ५२० अण्डा नष्ट गरिएको भेटेरनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र इनरुवाका प्रमुख डा मनोजकुमार महतोले जानकारी दिए।

सुनसरीको रामधुनी नगरपालिका-६स्थित एक पोल्ट्री फार्ममा पालिएका करिब एक लाख ५० हजार लेयर्स कुखुरामा सङ्क्रमण पुष्टि भएपछि नष्ट गरिएको थियो।

# ॐ नमः शिवायद्वारा उत्कृष्ट कर्मचारीलाई सम्मान

**बिर्तामोड, बैशाख ९।** शंकराचार्यको जन्मजयन्तीको अवसर पारेर ॐ नमः शिवाय बचत तथा ऋण सहकारी संस्थाले उत्कृष्ट कर्मचारीलाई सम्मान गरेको छ।

दशनामीहरुका कुलगुरु शंकराचार्यको १२३८औं जन्मजयन्तीको अवसर पारेर झापाको बिर्तामोड-५मा मुख्य कार्यालय रहेको संस्थाले उत्कृष्ट कर्मचारीका रुपमा भरतकुमार पुरीलाई सम्मान गरेको हो।

संस्थाका अध्यक्ष भरतलाल गिरीको अध्यक्षतामा भएको शंकराचार्यको १२३८ औं जन्मजयन्तीको अवसर पारेर संस्थाका बजार प्रतिनिधि पुरीलाई नगद ५ हजार एक सय रुपैयाँसहित सम्मान गरिएको हो। पुरीलाई अध्यक्ष गिरी, सचिव चन्द्रप्रसाद गिरी, कोषाध्यक्ष खड्ग गिरी, नेपाल दशनामी समाजका केन्द्रीय अध्यक्ष गोबिन्दबिक्रम गिरीलगायतले संयुक्त रुपमा सम्मान गरेका थिए।



कर्मचारीका रुपमा बिगत ६ बर्षदेखि संस्थामा आवद्ध भएका पुरीले कार्यजिम्मेवारी, इमान्दारिता र लगनशिलताको उच्च मूल्याङ्कन गर्दै संस्थाको सञ्चालक समितिको गत चैत २० गते बसेको बैठकको निर्णय अनुसार सम्मान गरिएको सचिव चन्द्रप्रसाद गिरीले जानकारी दिए।

सम्मान कार्यक्रमअघि बुधवार परेको दशनामीहरुका कुलगुरु शंकराचार्यको जन्मजयन्ती कार्यक्रम गरिएको थियो। शंकराचार्य र शंकर भगवानको तस्वीरमा फूलगुच्चा अर्पण गर्दै दीपप्रज्ज्वल गरेर मनाइएको थियो।

कार्यक्रममा जानुका गिरी, शिवलाल गिरी, भूपेन्द्रबहादुर गिरी, जीवनाथ गिरी, कुलबहादुर गिरी, लेखा समिति संयोजक इन्द्रमणि पौडेल, कर्जा समिति संयोजक कुलबहादुर गिरी, धनश्याम गिरी, ढडुवा सेवा केन्द्रका संयोजक शिवलाल गिरी, सदस्य नरबहादुर बन, नारदकुमार भारती, व्यवस्थापक युवराज गिरीलगायतको उपस्थिति रहेको थियो। एक हजार ७ सय ५३ जना शेयर सदस्य रहेको संस्थामा ७ जना कर्मचारी रहेका छन्।

# दमकको वडा कार्यालयमा तोडफोड र आगजनीको प्रयास

**दमक, बैशाख ९।** झापाको दमक नगरपालिका-३ को वडा कार्यालयमा तोडफोड र आगजनीको प्रयास भएको छ।

वडा कार्यालयको राजश्व शाखामा तोडफोडपछि आगजनी प्रयास भएको प्रहरीले जनाएको छ। इलाका प्रहरी कार्यालय, दमकका प्रहरी नायव उपरीक्षक (डीएसपी) किशोर लम्सालले राजश्व शाखामा रकम फेला पार्ने लोभमा तोडफोड भएको बताए।

कार्यालयमा पैसा नभेटिएपछि आक्रोशित समूहले दराजको छेउमा रहेका केही महत्वपूर्ण कागजपत्रमा लाइटर प्रयोग गरी आगो लगाउने प्रयास गरेको फेला परेको छ। आगो लगाउने क्रममा केही कागजात जले पनि ठूलो क्षति नभएको डीएसपी लम्सालले बताए।

त्यही समयमा दमकको मुख्य चोकमा रहेको एउटा सुन पसलमा पनि चोरी भएको छ। वडा कार्यालयको नजिकै रहेको सुन पसलको सटरको ताला फुटाएरभित्र पसेका चोरहरूले त्यहाँबाट करिब चार आना सुन चोरी गरेको जानकारी आएको प्रहरीले जनाएको छ।

वडा कार्यालय र सुन पसल दुवै ठाउँमा एउटै समूहको संलग्नता हुनसक्ने प्रहरीको प्रारम्भिक अनुमान छ। घटनापछि प्रहरीले सीसीटीभी फुटेजको अनुसन्धानका लागि प्राविधिक टोलीले परीक्षण थालेको छ।


**विद्युत सामग्री मर्मत**
यहाँ मोटर, पंखा, जग, मिक्चर लगायत सम्पूर्ण विद्युतीय उपकरणहरु ग्यारेन्टीका साथ मर्मत गरिन्छ।
स्थान : हिकोला हेरीटेजबाट उत्तर डेनियल होटल निस्किने गल्लीमा
शिवशक्ति इलेक्ट्रीकल
प्रो. सुरेश पोखेल
फोन :- ९८१७९४७५६७

**DRISHTI Eye Care System** — Trusted by more than 1.1 Million+ Patients
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org — सबैका लागी दृष्टि, सधैंका लागी दृष्टि

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. : 023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

**कलर दोकानको रंगिन बहार**
यहाँ इन्डीगो र के.एन.पी. ब्रान्डका सम्पूर्ण कलरहरु विगत १४ वर्षदेखि बिक्री गरी ग्राहकहरुलाई सेवा दिइरहेका छौं। साथै दक्ष पेन्टरद्वारा आफूले चाहे जस्तै कलरमा घरलाई आकर्षक बनाउन हामीलाई सम्झनुहोस्।
कलर दोकान
बिर्तामोड नगरपालिका-४, भद्रपुररोड ने.वि.प्रा. गेट पूर्व
फोन नं. : ९८५२६७२२२०

**SUNMAI SPRING**
‘थोपा-थोपामा जीवन छ’
HACCP · ISO 9001:2015 Certified Company · स्वदेशी — हाम्रो सामान, हाम्रो स्वाभिमान
स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं।
SUNMAI SPRING
Phone: 530335, 530234
Mob. No. 9801440344

**अब विद्युतीय वाइक बिर्तामोडमा**
वर्तमान इन्धन अभावलाई मध्यनजर गर्दै बिजुलीबाट घरमा सजिलै चार्ज गर्न सकिने तराई पहाडका बाटोमा प्रयोग गर्न मिल्ने विद्युतीय साइकल, स्कुटर किस्ता सुविधामा पनि उपलब्ध छ। चाडै सम्पर्क गर्नुहोला।
सम्पर्क
बिर्तमोड-४, भद्रपुररोड, नेपाल विद्युत प्राधिकरण गेट पूर्व लक्ष्मण मार्केट
फोन : ९८५२६४२७२७, ९८०५५८२७२७

**UPVC झ्याल ढोका**
टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस्।
गणपति UPVC झ्याल, ढोका-संसार
सम्पर्क :
बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक
९८५२६७१४२२, ९८१८२१०६७०

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क: ९८१८७९३९८६, ९८५२६८८९८६

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस्! तपाईंको सेवामा!
हाम्रो स्थानहरू: बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

**वैदेशिक रोजगार**
के तपाई विदेश जान चाहनुहुन्छ? यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने खगोल ओभरसिजलाई सम्झनुहोस्। यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ।
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

**Ganapati Bakers** — Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

**कोसेली** — शुद्ध दूधको स्वस्थ उत्पादन
“सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा”
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दुग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ।
कालिका डेरी, कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

**UNited International Group — UAE मा रोजगारीको अवसर**
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No. 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD.
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email: asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

**उक्त सबै रोगहरूको तत्काल उपचार**
तारा होमियो फार्मेसीमा सम्पूर्ण होमियोप्याथिक औषधि उपलब्ध हुनुका साथै डाक्टरको सेवा पनि उपलब्ध छ।
पेटका रोगहरु: ग्यास्ट्रिक, पेट दुख्ने, पोल्ने, खाना नपच्ने, अरुचि, पाइल्स, फिस्टुला फिस्सर, मलद्वारमा मासु पलाउने, कब्जियत, जण्डीस
- लिभरका रोगहरु
- महिलाको महिनावारी गडबडी, सानो पेट दुख्ने, पोल्ने, सुन्निने, सेतोपानी जाने, ढाड दुख्ने, स्थनका गाठागुठी आदि।
- अनुहारको चायाँ पोतो, डण्डिफोर, मुसा, खिल, अैजेरु, दम, खोकी, बाथ, मृगौलाको पत्थरी, टाउको दुख्ने, निद्रा नलाग्ने, रुघा लागिरहने, एलर्जी, नाक बन्द हुने, नाकमा मासु पलाउने, पिनास, जोर्नी दुख्ने, युरिक एसीड, थाइराइडको समस्या, स्त्री तथा पुरुषका विभिन्न गुप्तरोगहरु, सुगर, ब्लड प्रेसर, कपाल झर्ने, मोटोपन घटाउने आदि।
तारा होमियो फार्मेसी
बिर्तामोड, झापा
फोन नं.:- ०२३-५३१२९८, ९८५२६७२३१६

**अब बिर्तामोडमा — डा. पितामबर ठाकुर**
MBBS. MD(TU), NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ?
पेट सम्बन्धी समस्या, मुटु सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771, (+977) 023-590008
THAKUR POLYCLINIC, Birtamode-1, Jhapa, Nepal, Opposite of Paschim Bus Stand

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)

**सयपत्री बालुवा प्रशोधन उद्योग** — उच्च गुणस्तर सुलभ मूल्य
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

**आधुनिक कृषि औजार चाहिएमा**
के तपाईलाई आधुनिक कृषि औजार चाहिन्छ।
प्रिय कृषक दाजुभाइहरु,
तपाईहरुलाई धान गोड्ने, मकै तथा आलु गोड्ने, फलामे हलो, कर्न सिड लाइनर, किटको हलो, गोवर व्यारो, कम्बाइन सेट, स्टिक कर्न सिडर नग्रे चाहिएमा हामीलाई सम्झनु होस्।
यहाँ अफिस, स्कूल, कलेज, बगैंचा सजावटका लागि फूल रोप्ने स्टेण्ड समेत उपलब्ध छ। नेपालभरि होम डेलिभरीको व्यवस्था छ।
कनकाई एग्रो इन्जीनियरिङ
कनकाई-३, सुरुङ्गा, झापा
प्रो. केशर खड्का
फोन: ९८१६०६००४८, ९८४२१०५५९०

**घर ढलान गर्नुछ ?**
तपाईको सेवामा सधैं चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नुपरेमा सधैं सम्झनुहोस्।
सेवामा २४सैं घण्टा उपलब्ध छौं।
सम्पर्क : ९८०२३१३२९०, ९८२४०५७७०७, ९८०२३१३२९३

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस्। सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

**सिलिङ सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।
बिर्तामोड : झापा फल्स सिलिङ्ग हाउस ९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर फोन नं. : ९८११३४८२४३